
# निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिम कार्य सम्पादन नगरेमा ठेक्का तोडी कालोसूचीमा राख्ने र वैकल्पिक उपायबाट कार्य सम्पन्न गराउने विभागीय कार्यविधि,२०७१



नेपाल सरकार

शहरी विकास मन्त्रालय

## शहरी विकास तथा भवन निर्माण विभाग

बबरमहल, काठमाण्डौ

शम्भु के

महानिर्देशक

# निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिम कार्य सम्पादन नगरेमा ठेक्का तोडी कालोसूचीमा राख्ने र वैकल्पिक उपायबाट कार्य सम्पन्न गराउने विभागीय कार्यविधि, २०७१

(शहरी विकास तथा भवन निर्माण विभाग बाट मिति २०७१/९/१८ मा स्वीकृत)

**नेपाल सरकार**

**शहरी विकास मन्त्रालय**

## शहरी विकास तथा भवन निर्माण विभाग

**बबरमहल, काठमाण्डौ**

## विषय–सूची


| | | |
|---|---|---|
| पृष्ठभूमि | | १ |
| परिच्छेद -१ | | २ |
| प्रारम्भिक | | २ |
| १) संक्षिप्त नाम र प्रारम्भ | | २ |
| २) परिभाषा | | २ |
| परिच्छेद -२ | | २ |
| ठेक्का सम्झौता तोड्ने सम्बन्धी सूचना | | २ |
| ३) ठेक्का सम्झौता तोड्ने सम्बन्धी सूचना | | २ |
| परिच्छेद -३ | | ४ |
| बाँकी निर्माण कार्य सम्पन्न गराउने वैकल्पिक उपाय | | ४ |
| ४) बाँकी निर्माण कार्य सम्पन्न गराउने उपाय | | ४ |
| ४.१) निर्माण स्थल तथा निर्माणाधिन कामको सुरक्षा व्यवस्था | | ४ |
| ४.२) बाँकी निर्माण कार्य सम्पन्न गराउने उपाय | | ४ |
| परिच्छेद -४ | निर्माण व्यवसायीलाई कालो सूचीमा राख्न सिफारिस गर्ने | ५ |
| परिच्छेद -५ | खारेजी र बचाउ | ६ |
| अनुसूचीहरु | १ देखि ५ सम्म | ७–१० |




शम्भु के. सी.
महानिर्देशक

## "निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिम कार्य सम्पादन नगरेमा ठेक्का तोडी कालोसूचीमा राख्ने र वैकल्पिक उपायबाट कार्य सम्पन्न गराउने विभागीय कार्यविधि, २०७१"

### पृष्ठभूमि

शहरी विकास तथा भवन निर्माण विभाग र विभाग अन्तर्गतका २६ डिभिजन तथा ५ आयोजना कार्यालयहरु मातहत भवन निर्माण, शहरी पूर्वाधार विकास र आवास विकास सम्बन्धी करिब ७५० आयोजनाहरु निर्माणाधीन अवस्थामा रहेका छन् । यी आयोजनाहरु देशका हिमाल, पहाड तराईका अति दुर्गम देखि सुगम स्थानहरुमा संचालित छन् । निर्माणाधीन आयोजनाहरु मध्ये धेरै संख्यामा स्वास्थ्य सेवा उपलब्ध गराउनुपर्ने स्वास्थ्य संस्थाका भवन निर्माण सम्बन्धी कार्यक्रम रहेका छन् । निर्माणको जिम्मेवारी लिएका निर्माण व्यवसायीले सम्झौता बमोजिम समयमा काम नगरिदिनाले डिभिजन/ आयोजना कार्यालय र विभागबाट पटक पटक मौका दिई म्याद थप गरिदिंदा समेत काम सम्पन्न हुन नसकेको अवस्था विद्यमान रहेको छ । लागत अनुमान भन्दा धेरै कम लागतमा बोल कबोल सकार गरेर (Low Bidding) ठेक्का सम्झौता गर्ने, समयमा काम सम्पन्न नगर्ने, गुणस्तरमा ह्रास ल्याउन खोज्ने, अनावश्यक विवाद सिर्जना गरी क्षतिपूर्ति दावी गर्ने आदि कारणले योजनाहरु सहज ढंगले सम्पन्न हुन नसक्ने अवस्था सिर्जना भएको छ ।

यस प्रकारले निर्धारित अवधिमा कार्य सम्पादन हुन नसकी पटक पटक म्यादथप गर्नुको साथै पूर्व निर्धारित क्षतिपूर्ति (Liquidated Damage) लगाई म्याद थप गर्दा समेत उल्लेख्य योजनाहरु सम्पन्न हुन नसकेको अवस्थामा ठेक्का सम्झौता (Contract ) तोडी निर्माण व्यवसायीलाई कालोसूचीमा राख्ने तर्फ कारवाही अघि बढाईएमा ठेक्का सम्झौता बमोजिम काम समयमा सम्पन्न नगर्ने प्रवृतिमा कमी आउने देखिन्छ । विभाग मातहतका डिभिजन कार्यालय र आयोजनाहरुमा यस प्रकारका समस्याहरु आइपरेका र हरेकले आ-आफ्नै ढंगबाट कारवाही प्रक्रिया चलाई समाधान गर्ने प्रयास गरीरहेकोमा विभागीय काम कारवाहीमा एकरुपता भएको पाईदैन । तसर्थ उपरोक्त कार्यमा सरलिकृत र एकरुपता ल्याउन विभागीय कार्यविधिको आवश्यकता परेको हुनाले सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ र खरिद सम्झौतामा व्यवस्था भए अनुरुप सम्बन्धित विभाग/डिभिजन कार्यालय/आयोजना कार्यालयले सम्झौता तोडी निर्माण व्यवसायीलाई कालोसूचीमा राख्ने र बैकल्पिक व्यवस्थाबाट काम सम्पन्न गराउने प्रयोजनको लागि यो बिभागीय कार्यविधि तयार गरिएको छ । सम्झौता तोडि सकेपछि योजनालाई कसरी सम्पन्न गर्ने भन्नेबारे पनि यो कार्यविधिमा उल्लेख गरिएको छ । यस कार्यविधिले मुख्यतया तीन वटा पक्ष समेट्न खोजेको छ ।

क) ठेक्का सम्झौता तोड्न अपनाउनु पर्ने विधि
ख) ठेक्का सम्झौता तोडि सकेपछि निर्माण ब्यवसायीलाई कालोसूचीमा राख्ने प्रक्रिया
ग) बाँकी कार्य सम्पन्न गर्न अवलम्बन गर्ने उपायहरु

तसर्थ निर्माण एवँ परामर्श सेवालाई नियमित व्यवस्थित एंव प्रभावकारी रुपमा संचालन गर्ने उद्देश्य अनुरुप शहरी विकास तथा भवन निर्माण विभाग को मिति २०७१/९/१८ को निर्णयले देहाय बमोजिमको कार्यविधि लागू गरिएको छ ।



ई. शम्भु के
महानिर्देशक

## परिच्छेद -१

## प्रारम्भिक

**१) संक्षिप्त नाम र प्रारम्भः-**

१.१) यो कार्यविधिको नामः "निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिम कार्य सम्पादन नगरेमा ठेक्का तोडी कालो सूचीमा राख्ने र वैकल्पिक उपायबाट कार्य सम्पन्न गराउने विभागीय कार्यविधि, २०७१" रहेको छ ।

१.२) प्रारम्भः यो कार्यविधि विभाग र अन्तर्गतका सवै डिभिजन कार्यालयहरु तथा आयोजनाहरुमा विभागले स्वीकृत गरेपछि लागू हुनेछ ।

**२) परिभाषाः-**

**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-**

क) "ऐन" भन्नाले सार्वजनिक खरिद ऐन, २०६३ बुझ्नु पर्दछ ।
ख) "नियम" भन्नाले सार्वजनिक खरिद नियमावली २०६४ बुझ्नु पर्दछ ।
ग) "विभाग" भन्नाले शहरी विकास तथा भवन निर्माण विभागलाई बुझ्नु पर्दछ ।
घ) "निर्माण व्यवसायी"भन्नाले प्रचलित ऐन बमोजिम अनुमति पाएका व्यवसायीलाई बुझाउने छ ।
ङ) "परामर्शदाता" भन्नाले प्रचलित ऐन बमोजिम मान्यता प्राप्त परामर्शदाता सम्झनुपर्छ ।
च) "डिभिजन कार्यालय" भन्नाले विभाग अन्तर्गतका डिभिजन कार्यालय र तालिम केन्द्रलाई बुझाउने छ ।
छ) "आयोजना" भन्नाले विभाग अन्तर्गतका आयोजनालाई बुझाउने छ ।

## परिच्छेद -२

## ठेक्का सम्झौता तोड्ने सम्बन्धी सूचना

**३) ठेक्का सम्झौता तोड्ने सम्बन्धी सूचना :-**

३.१) हर्जाना सहित एक पटक म्याद थप गरी मौका दिदा समेत निर्माण व्यवसायीले निर्माण सम्पन्न गर्ने लक्षण नदेखाएमा अविलम्ब कार्य सम्पन्न गर्न १५ दिनको सार्वजनिक सूचना प्रकाशन गर्ने । सूचनामा कालोसूचीमा राख्न सिफारिस गरिने व्यहोरा समेत उल्लेख गर्ने । सूचनाको ढाँचा अनूसूची १ मा संलग्न गरिएको छ ।

३.२) १५ दिने सूचनामा बाँकी कार्य सम्पन्न गर्ने अध्यावधिक कार्ययोजना (Update work Schedule), स्रोत, साधन परिचालनको भरपर्दो योजना र कार्य योजना बमोजिम काम गर्ने प्रतिवद्धता सहित एकलको हकमा आधिकारिक निर्माण व्यवसायी स्वयं र जे.भि पार्टनरहरुको हकमा सम्पूर्ण आधिकारीक जे.भि पार्टनरहरु उपस्थित हुनुपर्ने ब्यहोरा उल्लेख गर्ने ।

३.३) निर्माण व्यवसायीको स्रोत परिचालन र कार्य योजनाको अध्ययनबाट निर्माण सम्पन्न हुन सक्ने भरपर्दो आधार भएमा काम अघि बढाउन अनुमति दिने । भरपर्दो आधार र प्रतिवद्धता नभएमा सम्झौता तोड्ने कारवाही अघि बढाइनेछ ।



ई. शम्भु के
महानिर्देशक

३.४) ठेक्का तोड्ने सम्बन्धी कारवाही अघि बढाउने सुचना जारी गर्नु अघि निर्माण व्यवसायीको घर ठेगानामा दफा ३.१ मा प्रकाशित सूचनाको व्यहोरा स्मरण गराउदै पत्र पठाउने । सम्बन्धित निर्माण व्यवसायीको आधिकारिक ठेगानामा कोही व्यक्ति नभेटिए घरमा टाँस गरी मुचुल्का गरी राख्ने । पत्रको ढाँचा अनूसूची २ मा संलग्न गरिएको छ ।

३.५) उपरोक्त बमोजिमको १५ दिने सूचना जारी गर्दा र दफा ३.४ बमोजिम घर ठेगानामा सुचना टाँस गर्दा समेत कार्यालयमा उपस्थित भई माग भए बमोजिमको कार्ययोजना पेश गरी प्रतिबद्धता जनाई काम सुरु नगरेमा पुनः ठेक्का सम्झौता तोडी कालोसूचीमा राख्न सिफारिस गरिने व्यहोरा सहित ७ दिनको सार्वजनिक सूचना प्रकाशन गर्ने । सूचनामा अध्यावधिक भएको काम र बाँकी कामको नाँप जाँच गरी मूल्याङ्कन गर्न सम्भव भए सम्म जिल्ला प्रशासन कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय, भवन उपयोग गर्ने कार्यालय, डिभिजन कार्यालय, स्थानीय निकाय, जि.वि.स, .नगरपालिका, गा.वि.स र निर्माण व्यवसायी वा निजको आधिकारिक प्रतिनिधिको रोहवरमा तोकिएको मितिमा गरिने जानकारी दिने । जिल्ला प्रशासन कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रतिनिधिहरु उपस्थित हुन सक्ने अवस्था नभएमा सो क्षेत्रमा उपस्थित अन्य कार्यालयको प्रतिनिधिको रोहवरमा समेत उक्त नाँप जाँच गर्न सकिनेछ । निर्माण व्यवसायी वा निजको प्रतिनिधिको उपस्थिति नभएमा फोटो सहित नाँप जाँच गरी मूल्याङ्कन गर्ने काममा बाधा नपर्ने जानकारी समेत सूचनामा दिने। निर्माण स्थलको जिम्मा डिभिजन कार्यालयले लिईसकेपछि सो स्थलको सुरक्षा वापतको खर्च समेत सरकारी रकम बाँकी सरह निज निर्माण व्यवसायीबाट असुल उपर गर्ने जानकारी समेत सूचनामा गराउने । सूचनाको ढाँचा अनूसूची २ मा संलग्न गरिएको छ ।

३.५.१) मूल्याङ्कनबाट सम्झौता बमोजिम अध्यावधिक रुपमा भएको काम र बाँकी कामको यकिन गरी बाँकी कामको Bill Of Quantity (BOQ) बमोजिमको लागत र हालको लागत यकीन गर्ने । साथै सो मिति सम्म गरेका कामको नक्सा बनाई राख्ने ।

३.५.२) मूल्यांकन पश्चात् निर्माण व्यबसायीले दफा ३.४ अनुसारका कार्यालयका प्रतिनिधिहरुको रोहवरमा निश्चित समयमा काम सम्पन्न गर्ने प्रतिबद्धता सहित स्रोत परिचालनको भरपर्दो कार्ययोजना पेश गरेमा एक पटकलाई पुनः काम सम्पन्न गर्ने मौका दिने । अन्यथा डिभिजन कार्यालयले सम्झौता तोडी कालो सूचीमा राख्ने कार्यको सिफारीस तर्फ कारर्वाही अघि बढाउने ।

३.५.३) सम्झौता तोड्ने निर्णय संगै डिभिजन कार्यालयले कार्य सम्पादन जमानत वापतको रकम र अग्रिम भुक्तानी जमानत (भएमा) वापतको रकम नेपाल सरकारको राजस्व खातामा खिच्ने ।

३.५.४) डिभिजन कार्यालयले ठेक्का सम्झौता तोड्ने निर्णय पश्चात निर्माण व्यवसायीलाई कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्ने । साथै कर चुक्ता नगरिदिन सम्बन्धित आन्तरिक राजश्व कार्यालय तथा आन्तरिक राजस्व विभागमा अनुरोध गरी पठाउने ।

३.५.५) बाँकी निर्माण काम गराउन र त्रुटि पूर्ण कार्य सच्याउन कार्य सम्पादन जमानत र Retention रकमले खाम्न नसक्ने भएमा सरकारी बाँकी सरह असुलउपर गर्न

सम्बन्धित निर्माण व्यवसायीको आधिकारिक ठेगानामा पत्राचार गर्ने । विभाग र अन्तर्गतका डिभिजन कार्यालय/आयोजनाहरुमा निजले काम गरेको भए निजको भुक्तानी रोकी असुलउपरमा सहयोग गर्न सबै डिभिजन कार्यालय/आयोजना को साथै विभागमा समेत पत्राचार गर्ने । सो बाट समेत असुल उपर हुन नसकेमा निजको तीन पुस्ते सहित सरकारी बाँकी सरह असुल उपर गरिदिन लगत सहित कौशीतोष खानामा अनुरोध गरी पठाउने ।

३.५.६) सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ र नियमावली २०६४ को नियम १२८ ले व्यवस्था गरे अनुसारका प्रावधान अनुरुप सम्झौताका शर्तहरु (GCC र SCC) मा व्यवस्था भए वमोजिम कारवाही गर्न विशेष ध्यान दिने ।

३.५.७) माथि दफा ३.५.६ मा उल्लेखित व्यवस्था हाल कार्यान्वयनमा रहेका सम्झौताहरुमा रहे नरहेको यकीन गर्ने । सो बमोजिम नभई अन्यथा व्यवस्था भएकोमा सम्झौताका शर्त बमोजिम कार्वाही गर्ने ।

३.६) निर्माण कार्यको लागि पेश्की रकम (Mobilization) लिई १ महिना भन्दा बढी अवधिसम्म पनि निर्माण स्थलमा कुनै कार्य नगरेको अवस्था रहेमा वा १ महिना भन्दा बढी अवधि सम्म विना सूचना काम रोकी निर्माण कार्य नगरेमा समेत माथि दफा ३.१ देखि ३.४ सम्मको प्रक्रिया अपनाउन सकिने छ ।

## परिच्छेद -३

## बाँकी निर्माण कार्य सम्पन्न गराउने वैकल्पिक उपाय

### ४) बाँकी निर्माण कार्य सम्पन्न गराउने उपाय :-

### ४.१) निर्माण स्थल तथा निर्माणाधिन कामको सुरक्षा व्यवस्था :-

सम्झौता तोडि सकेपछि निर्माण स्थल र त्यहाँ भएका निर्माण सामग्री, औजार र उपकरणहरुको सुरक्षा गर्नु आवश्यक भएकोले स्थानीय उपभोक्ता, सम्बन्धित कार्यालय (जुन कार्यालयको लागि भवन निर्माण गरिएको हो) र डिभिजन कार्यालय बीच छलफल भई उपभोक्ता समिति वा निर्माण समिति लाई सुरक्षाको जिम्मा दिनुपर्नेछ । अन्यथा डिभिजन कार्यालय आफैले सुरक्षाको जिम्मा लिनुपर्नेछ । सुरक्षा वापतको खर्च समेत सरकारी रकम बाँकी सरह निज निर्माण व्यवसायीबाट असुलउपर गर्नु पर्नेछ । सो को जानकारी दफा ३.१, ३.४ र ३.५ मा प्रकाशन गरिने सूचना तथा पत्र मार्फत समेत गराउनु पर्नेछ ।

### ४.२) बाँकी निर्माण कार्य सम्पन्न गराउने उपाय :-

४.२.१) निर्माण कार्य ९५% सम्पन्न भईसकेको र निर्माण व्यवसायी बाँकी कार्य सम्पन्न गर्न असमर्थ रहेको अवस्थामा आपसी समझदारीमा ठेक्का समझौता तोडी बाँकी कार्य निर्माण व्यवसायीको ५% कार्य सम्पादन जमानत (Performance Bond ) र ५% धरौटी (Retention Money ) वापतको रकम प्रयोग गरी नियमानुसार उपभोक्ता समिति /दरभाउपत्र वा बोलपत्र को माध्यमबाट सम्पन्न गराउने । यदि कार्य सम्पादन जमानत वापतको रकम र ५% धरौटी (Retention

Money ) बाट नपुग भएमा सरकारी बाँकी सरह निर्माण व्यवसायीबाट असुल उपर गर्ने ।

४.२.२) निर्माण कार्य ९५% भन्दा कम सम्पन्न भएको अवस्था रहेमा निर्माण व्यवसायीलाई कालोसूचीमा राख्ने सिफारिस गरे पश्चात निजको कार्य सम्पादन जमानत (Performance Bond ) र धरौटी (Retention Money ) वापतको रकम जफत गरी बाँकी कार्य सम्पन्न गराउने सम्बन्धमा सम्बन्धित भवन प्रयोग गर्ने कार्यालय, स्थानीय उपभोक्ता /सहयोग समितिसँग छलफल गरी निर्माण स्थलको प्रकृति, परिस्थिति हेरी नियमानुसार उपभोक्ता समिति /दरभाउपत्र वा बोलपत्र को माध्यमबाट सम्पन्न गराउने ।

## परिच्छेद -४

## निर्माण व्यवसायीलाई कालोसूचीमा राख्न सिफारिस गर्ने

५) डिभिजन कार्यालयबाट परिच्छेद २ बमोजिम ठेक्का सम्झौता तोड्ने निर्णय भएका निर्माण व्यवसायीलाई सम्झौताको GCC को 59-1(a), र ऐनको दफा ६३ को उपदफा १ (ग) र नियमावलीको नियम १४१ अनुसार कालोसूचीमा राख्न सम्बन्धित डिभिजन कार्यालयले सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्ने ।

५.१) **कालो सूचीमा राख्न देहाय बमोजिमको विवरण तयार गर्नुपर्ने छ ।**

५.१.१) निर्माण व्यवसायी/परामर्शदाता/आपुर्तीकर्ता/व्यक्ति/फर्म/संस्था/कम्पनीलाई सार्वजनिक खरिद ऐन २०६३ को दफा ६३ बमोजिम देहायका बुँदाहरुमा उल्लेखित विवरणहरुको आधारमा कालोसूचीमा राख्ने प्रयोजनको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्ने । यसका लागि निम्न विवरणहरु आवश्यक पर्नेछ ।

५.१.१.१) विवरण पेश गर्ने सार्वजनिक निकायको (नाम, ठेगाना सहितको) विस्तृत विवरण ।

५.१.१.२) सार्वजनिक निकायबाट कालोसूचीमा राख्ने कारवाहीको क्रममा परेको बोलपत्रदाता /परामर्शदाता/आपूर्तिकर्ताको विस्तृत विवरण ।

५.१.१.३) सम्बन्धित ठेक्का पट्टा वा सम्झौता सम्बन्धी विवरण ।

५.१.१.४) कालोसूचीमा राख्ने सन्दर्भमा सार्वजनिक निकायले गरेको पत्राचार र त्यसको प्रत्युत्तरको विवरण ।

५.१.१.५) कालोसूचीमा राख्नु पर्नाको कानुनी आधार ।

५.२) कालोसूचीमा राख्ने सम्बन्धी विस्तृत विवरण सहितको निर्दिष्ट फारम अनुसूची ३ मा र कालो सूचीमा राख्ने सिफारिस पत्रसाथ संलग्न गर्नुपर्ने कागजात अनुसूची ४ मा उल्लेख भए बमोजिम हुनुपर्नेछ ।



ई. शम्भु के. र
महानिर्देशक

## परिच्छेद -५

## खारेजी र बचाउ

६)	सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित ऐन नियम बमोजिम भए गरेका काम कारवाहीहरु बाझिएको खण्डमा सोही अनुसार भई जानेछ ।

ई. शम्भु के
महानिर्देशक

**अनुसूची -१**
(दफा ३.१ संग सम्बन्धित)

नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
.................. डिभिजन कार्यालय/आयोजना

**..................निर्माण व्यवसायिलाई कार्य सम्पन्न गर्ने सम्बन्धी १५ दिने सूचना**
(प्रकाशित मिति .......................)

तपाई श्री .....................ले .............................कार्यको लागि मिति .................सम्म कार्य सम्पन्न गर्ने गरी मिति .......................मा यस कार्यालयसँग सम्झौता गर्नु भएकोमा .............पटक गरी मिति .........................सम्म म्याद थप गरिएको अवधिमा समेत निर्माण कार्य सम्पन्न गर्ने तर्फ कुनै चासो नदेखाइएकोले सूचना प्रकाशनको मितिले १५ दिन भित्र कार्य सम्पन्न हुन नसकेको कारण र कार्य सम्पन्न गर्न सक्ने Update Work Schedule, स्रोत परिचालनको भरपर्दो योजना र कार्य सम्पन्न गर्ने प्रतिवद्धता सहित सम्पूर्ण आधिकारिक व्यक्तिहरु यस कार्यालयमा उपस्थित हुन यो सूचना जारी गरिएको छ । उपरोक्त अवधिमा कार्य शुरु गर्ने तदारुकता नदेखाएमा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ र ठेक्का सम्झौतामा प्रावधान भए बमोजिम ठेक्का सम्झौता तोडी कालोसूचीमा राख्ने तथा कार्य सम्पादन जमानत/ अग्रिम भुक्तानी जमानत/ धरौटी वापतको रकम जफत गर्नुको साथै बाँकी काम गर्न लाग्ने खर्च र निर्माण स्थल सुरक्षामा लाग्ने खर्च समेत सरकारी बाँकी मानी असुल उपर गर्ने तर्फ कारबाही अघि बढाइने जानकारी समेत गराईन्छ ।

........................
डिभिजन प्रमुख/आयोजना प्रमुख

ई. शम्भु के सी
महानिर्देशक

**अनुसूची -२**
(दफा ३.४ संग सम्बन्धित)

नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
................. डिभिजन कार्यालय/आयोजना

श्री ....................
....................

**बिषयः जमानत जफत गरि कारवाहि गरिने सम्बन्धमा**

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट मिति..........................को ....................राष्ट्रिय दैनिकमा तपाई श्री .............................निर्माण सेवालाई कार्य सम्पन्न गर्ने सम्बन्धी १५ दिने सूचना प्रकाशन गरिए अनुसार निर्धारित अवधिमा कार्य सम्पन्न हुन नसकेको कारण र कार्य सम्पन्न गर्न सक्ने Update Work Schedule, स्रोत परिचालनको भरपर्दो योजना र कार्य सम्पन्न गर्ने प्रतिवद्धता सहित कार्य सुचारु गर्ने तर्फ चासो नदेखाईएकाले सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ र ठेक्का सम्झौतामा प्रावधान भए बमोजिम ठेक्का सम्झौता तोडी कालोसूचीमा राख्ने तथा कार्य सम्पादन जमानत/ अग्रिम भुक्तानी जमानत/ धरौटी वापतको रकम जफत गर्नुको साथै बाँकी काम गर्न लाग्ने खर्च र निर्माण स्थल सुरक्षामा लाग्ने खर्च समेत सरकारी बाँकी मानी असुल उपर गर्ने तर्फ कारबाही गरिने व्यहोरा जानकारी गराइन्छ ।

........................
. डिभिजन प्रमुख/आयोजना प्रमुख

**अनुसूची -३**
(दफा ३.५ संग सम्बन्धित)

नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
................. डिभिजन कार्यालय/आयोजना

**.................निर्माण व्यवसायिलाई ठेक्का सम्झौता तोडी कालोसूचीमा राख्ने सम्बन्धी सूचना**

प्रकाशित मिति २०.../..../...

..........कार्य सम्पन्न गर्नको लागि तपाई श्री .............. को नाममा मिति................मा जारी गरिएको कार्य सम्पन्न गर्ने सम्बन्धी १५ दिने सूचनार घर ठेगानामा सूचना टाँस गर्दा समेत यस कार्यालयमा आवश्यक विवरण सहित सम्पर्क गर्न नआउनु भएकोले ठेक्का सम्झौता तोडी कालोसूचीमा राख्ने सम्बन्धी यो ७ दिने सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशनको मितिले दशौं दिनमा ....................................*(रोहवरमा उपस्थित हुने कार्यालयहरुको नाम लेख्ने)* र निर्माण व्यवसायीको आधिकारिक प्रतिनिधिको रोहवरमा अध्यावधिक भएको काम र बाँकी कामको मुल्याङ्कन गरिनेछ । मुल्याङ्कन कार्यमा निर्माण व्यवसायीको प्रतिनिधि उपस्थिति नभएपनि नाँप जाँच काममा बाधा पर्ने छैन ।सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ र ठेक्का सम्झौतामा प्रावधान भए बमोजिम ठेक्का सम्झौता तोडी कालोसूचीमा राख्ने तथा बाँकी काम गर्न लाग्ने खर्च र निर्माण स्थल सुरक्षामा लाग्ने खर्च समेत सरकारी बाँकी मानी असुल उपर गर्ने तर्फ कारबाही गरिने समेत यसै सूचना द्धारा जानकारी गराइन्छ ।

............................
डिभिजन प्रमुख/आयोजना प्रमुख

## अनुसूची -४

(दफा ५.२ संग सम्बन्धित)

**कालो सूचीमा राख्ने सम्बन्धी विस्तृत विवरण सहितको फाराम**

देहायको बुँदा नं. २ मा उल्लेख भए बमोजिमको बोलपत्रदाता /प्रस्तावदाता/परामर्शदाता /सेवाप्रदायक /आपूर्तिकर्ता /निर्माण व्यवसायी/ व्यक्ति/ फर्म/ संस्था/ कम्पनीलाई सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ बमोजिम देहायका बुँदाहरुमा उल्लेखित विवरणहरुको आधारमा कालो सूचीमा राख्ने प्रयोजनको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा अनुरोध गरिएको छ ।

| १. विवरण पेश गर्ने सार्वजनिक निकाय (Employer) | २. सार्वजनिक निकायबाट कालोसूचीमा राख्ने कारबाहीको क्रममा परेको बोलपत्रदाता/प्रस्तावदाता/परामर्शदाता/सेवाप्रदायक.... (Employee) |
|---|---|
| १.१. नाम (सम्बन्धित विभाग/मन्त्रालय समेत) :-<br>१.२.कार्यालयको ठेगाना :-<br>१.३.फ्याक्स नं. :-<br>१.४. इमेल :-<br>१.५.कालो सूचीमा राख्ने निर्णय मिति :-<br>१.६. कालो सूचीमा राख्ने निर्णय गर्ने पदाधिकारीको नाम र<br>पद :-श्री<br>१.७. फोन नं.:- | २.१ श्री<br>क) २.१. नाम :-<br>२.२. मुख्य व्यक्तिको नाम :-<br>२.३. कारोवार ठेगाना :-<br>२.४. पत्राचार ठेगाना :-<br>२.५ संस्था दर्ता भएको कार्यालय, दर्ता मिति र दर्ता नं.:-<br>२.६. फ्याक्स नं. :-<br>२.७. इमेल :-<br>२.८. फोन नं.:-<br>ख) २.१. नाम :-<br>२.२. मुख्य व्यक्तिको नाम :-<br>२.३. कारोवार ठेगाना :-<br>२.४. पत्राचार ठेगाना :-<br>२.५ संस्था दर्ता भएको कार्यालय, दर्ता मिति र दर्ता नं.:-<br>२.६. फ्याक्स नं. :-<br>२.७. इमेल :-<br>२.८. फोन नं.:- |
| ३. सम्बन्धित ठेक्का पट्टावा सम्झौता सम्बन्धी विवरण:- | |
| ३.१. कार्यक्रम /आयोजना/कार्यको नाम :-<br>३.२. सम्झौता नं.(आर्थिक वर्ष सहित) :-<br>३.३. ठेक्का सम्झौता रकम :-<br>३.४. सम्झौता मिति :-<br>३.५. कार्यादेश मिति :-<br>३.६. कार्य शुरु गर्नुपर्ने/गरेको मिति :-<br>३.७. कार्य सम्पन्न गर्नुपर्ने मिति :-<br>३.८. म्याद थप/म्याद थप पछि सम्पन्न गर्नुपर्ने मिति :-<br>३.९. म्याद थप भएको कारण सहितको विवरण (प्रत्येक पटकको म्याद थप अवधि र म्याद थप गरेको निर्णय मिति) :- | |

| |
|---|
| ३.१०. मूल्य समायोजन वा भेरिएसन आदेश भए सो समेतको ठेक्का रकम :- |
| ४. सेवा प्रदायकलाई तोकिएको कार्य सम्पन्न गर्न सार्वजनिक निकायले गरेको पत्राचार/अनुरोधको विवरण:- |
| ५. सेवा प्रदायकले सम्पन्न नगरेको कार्यहरुको मात्रा, त्यसबाट सार्वजनिक निकायलाई पर्न गएको असर र सार्वजनिक निकायले सेवा प्रदायकलाई गरेको कारबाहीको विवरण:- |
| **६. कालो सूचीमा राख्ने सन्दर्भमा सार्वजनिक निकायले गरेको पत्राचार र त्यस्को प्रत्युत्तरको विवरण ( विवरण प्रत्येकको मिति अनुसारको सिलसिलेवार पत्र संख्या, मिति, निर्णयको संक्षिप्त व्यहोरा, पत्रको विषय र प्रत्युत्तरको संक्षिप्तव्यहोरा) उल्लेख गर्नुपर्ने :-** |
| **७. कालो सूचीमा राख्नु पर्नाको कानूनी आधार:-** |
| **७.१.सार्वजनिक खरिद ऐन, २०६३, ऐ. नियमावली, २०६४ र सम्झौताको व्यवस्था पालना नभएको बुँदा/मुख्य कारण :-** |
| **७.२. कालो सूचीमा राख्न गरिएको अनुरोधको संक्षिप्त व्यहोरा:-** |

**विवरण पेश गर्ने सार्वजनिक निकायका प्रमुखको पद र**

नाम :-

दस्तखत :-

मिति :-

कार्यालय:-

## अनुसूची -५

(दफा ५.२ संग सम्बन्धित)

## अनुरोध पत्रसाथ संलग्न गर्नुपर्ने कागजात:-

-सम्झौता पत्रको प्रतिलिपि
-म्याद थप गरिएको पत्रहरुको प्रतिलिपि
-कार्य सम्पन्न गर्न जारी गरिएको सूचनाको प्रतिलिपि
-बाँकी कार्यको मुल्याङ्कन प्रतिवेदन
-कालोसूचीमा राख्ने भएको सिफारिसको निर्णयको प्रतिलिपि
-अनुसूची ३ अनुसारको अनुरोध पत्र
-अन्य